# आशयपत्र माग गर्ने सूचना

(कार्यविधिको दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**कावासोती नगर कार्यपालिकाको कार्यालय**

**नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

प्रकाशित मिति : २०७६ जेष्ठ ३० गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत यस नवलपरासी (बर्दघाट सुस्तापुर्व)जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा कावासोती नगरपालिका, गैडाकोट नगरपालिका, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम **(Safer Migration Program)** का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक, नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र आहवान गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र दिनभित्रमा (२०७६ आषाढ १२ सम्ममा) कार्यालय समयमा निम्न स्थानमा रहेको यस कावासोती नगरपालिकाको कार्यालयमा आईपुग्ने गरीं निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिने छ। आशयपत्रको ढाँचा, सूचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस कावासोती नगरपालिकाको वेभ साईट www.kawasotimun.gov.np मा राखिएको छ।

**(१)आशयपत्रदाताको योग्यता :**

**क) अनुभव** : कम्तिमा पाँच वर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको।

ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइने छ।

(२) **प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय** :कम्तिमा तीन वर्ष परामर्श सेवा प्रदान गर्नुपर्ने छ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावमा गरिने छ।

(४) आशयपत्रदाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ।

(५) **आशयपत्र पेश गर्ने स्थान**: कावासोती नगरपालिकाको कार्यालय, कावासोती

(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ। उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन।

(७) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्ने छ।

८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता(sub contract) गर्न पाईने छैन। तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले बाधा पुऱ्याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला।

नोटः यस जिल्लामा दर्ता भएका संस्था भन्नाले साविकको नवलपरासी जिल्लामा दर्ता भएको र नवलपरासी बर्दघाट सुस्ता पुर्व जिल्ला स्थापना भए पश्चात नवलपरासी बर्दघाट सुस्ता पुर्व जिल्ला प्रशासन कार्यालयमा नियमानुसार नविकरण भइराखेका संस्था भन्ने बुझिन्छ।